नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति: २०६८।२।९

नेपाल सरकारको अनुमति प्राप्त गरी अध्ययन भइरहेका, निर्माणधीन रहेका तथा सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुलाई कार्य सञ्चालनमा हालका दिनहरुमा वाधा/व्यवधान पुऱ्याइएको घटनाहरुप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी अध्ययन, अन्वेषणको क्रममा रहेको माथिल्लो कर्णाली जलविद्युत आयोजनाको दैलेख स्थित कार्यालयहरुमा केही असामाजिक तत्वहरुले हुल हुज्जत, तोडफोड तथा आगजनीका क्रियाकलापहरु गरेका छन् । साथै हाल सञ्चालनमा रहेका सिन्धुपाल्चोक जिल्लाको बराम्ची जलविद्युत आयोजना तथा हाँडी खोला जलविद्युत आयोजना र अध्ययनको चरणमा रहेको दोलखा जिल्लाको चर्नावती जलविद्युत आयोजनाको आयोजना स्थलमा पनि वाधा/व्यवधानहरु खडा गरिएका छन् । जलविद्युत आयोजनाहरुमा गरिने यस्ता अराजक क्रियाकलापहरुप्रति ऊर्जा मन्त्रालय खेद प्रकट गर्दछ । विद्युत उत्पादनमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने हालको नेपाल सरकारको नीतिमा यस्ता क्रियाकलापबाट गम्भीर नकारात्मक असर पर्ने र लगानीकर्ताहरु हतोत्साही भई देशको छविमा नै नकारात्मक असर पर्न गई जलविद्युत विकास नै रोकिन जाने हुनाले यस्ता वाधा अवरोध सिर्जना गर्ने कार्य तत्कालै बन्द गर्न सम्बन्धित सबैमा ऊर्जा मन्त्रालय अनुरोध गर्दछ । जलविद्युत आयोजनाहरुको लगानीको सुरक्षामा सरकार गम्भीर छ र त्यस्ता विकास विरोधी तत्वलाई सरकारले कारवाही गर्न पछि हट्ने छैन । यस प्रकृतिका वाधा विरोधलाई दृढतापूर्वक प्रतिरोध गरी शान्ति सुरक्षाको प्रत्याभूति दिइने प्रतिबद्धता जाहेर गर्दै जलविद्युत प्रबर्द्धकहरुलाई यस्ता अवाञ्छनीय क्रियाकलापहरुबाट विचलित नहुन समेत ऊर्जा मन्त्रालय अनुरोध गर्दछ ।

**(श्रीरञ्जन लाकौल)**
सहसचिव